स्वीकृत मिति:२०८१

**...............................इन्स्योरेन्स कम्पनी लिमिटेड**

# घोडा बीमालेख

यस बीमालेखमा उल्लेख भएको घोडामा हुने क्षति विरूद्ध बीमा गर्नको लागि बीमितले बीमाशुल्क भुक्तानी गरेको हुनाले बीमितले भरेको प्रस्ताव फाराम तथा उद्धोषणको आधारमा बीमा ऐन, २०७९ को अधिनमा रहि बीमक श्री ...........ले यो बीमालेख जारी गरेको छ।

परिच्छेद -१

## प्रारम्भिक

१. बीमालेखको नाम र प्रारम्भः (१) यस बीमालेखको नाम "घोडा बीमालेख" रहेको छ।

(२) यो बीमालेख बीमितले बीमाशुल्क भुक्तानी गरेपश्चात प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस बीमालेखमा,

(क) "**अप्रत्यक्ष क्षति**" भन्नाले बीमा गरिएको जोखिमको कारणले हुने अप्रत्यक्ष वा एउटा घटनाको परिणामस्वरूप हुने अन्य क्षति सम्झनु पर्छ।

(ख) "**अभिलेख**" भन्नाले यस बीमालेखमा उल्लेख भए बमोजिम घोडामा हुने संक्रामक रोग विरुद्धको खोप, वा अन्य उपचार गरिएको अभिलेख सम्झनु पर्छ।

(ग) "**कार्यालय**" भन्नाले प्रदेश सरकार अन्तर्गतको सम्बन्धित जिल्ला कार्य क्षेत्र रहेको पशु सेवासँग सम्बन्धित कार्यालय सम्झनु पर्दछ।

(घ) "**क्वारेन्टाईन**" भन्नाले कुनै पशु, पशुजन्य पदार्थ, पशु उत्पादन सामग्रीमा कुनै रोग लागेको छ वा छैन भन्ने कुरा यकिन गर्न पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई कुनै खास ठाउँमा तोकिएको अवधिभर परीक्षणको लागि एकैसाथ वा छुट्टा छुट्टै राख्ने काम सम्झनु पर्छ।

(ङ) "**घोडा**" भन्नाले यस बीमालेखमा उल्लेख भए बमोजिमको सवारी, मालसामान ढुवानी, घोडा सवारी, सैन्य घोडा तथा तथा मनोरन्जन प्रयोजनका लागि प्रयोग हुने घोडा, खच्चर, गधा र टट्टू (Pony) तथा क्रस ब्रिड सम्झनु पर्छ।

(च) "**दावी**" भन्नाले बीमा गरिएको वस्तुको क्षति बापत बीमितद्वारा माग गरिएको क्षतिपूर्ति रकम सम्झनु पर्छ।

(छ) "**दुर्घटना**" भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने र साङ्घातिक माध्यमबाट हुने आकस्मिक र अप्रत्याशित घटना सम्झनु पर्छ।

(ज) "**पशु चिकित्सक**" भन्नाले नेपाल पशु चिकित्सा परिषद् ऐन २०५५ बमोजिम दर्तावाल वा इजाजतपत्र प्राप्त चिकित्सक सम्झनु पर्नेछ।

(झ) "**प्रजनन् अयोग्य**" भन्नाले प्रजनन् गर्न सक्ने क्षमता पूर्ण रुपले गुमाएको सम्झनु पर्छ।

(ञ) "**प्राविधिक जाँच सिफारिस**" भन्नाले बीमा गर्न प्रस्तावित घोडा बीमा गर्न योग्य छ वा छैन भनी सम्बन्धित प्राविधिकद्वारा जाँच गरी दिइने सिफारिसपत्र सम्झनु पर्छ।

(ट) **"प्राविधिक"** भन्नाले एस.ई.ई/एस.एल.सी वा सो सरहको परीक्षा उत्तीर्ण गरी पशु विज्ञानमा कम्तीमा एक वर्षको तालिम प्राप्त वा पशु विज्ञान विषय लिई टी.एस.एल.सी. उत्तीर्ण गरेको वा पशु विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गरेको वा सोभन्दा माथिल्लो योग्यता प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ठ) **"बीमक"** भन्नाले बीमा ऐन, २०७९ बमोजिम बीमा व्यवसाय गर्न प्राधिकरणबाट इजाजतपत्र प्राप्त निर्जिवन बीमा कम्पनी सम्झनु पर्छ सो सब्दले लघु निर्जीवन बीमा कम्पनीलाई समेत जनाउँदछ ।

(ड) **"बीमा अवधि"** भन्नाले बीमालेखमा उल्लेख भए अनुसार बीमा जोखिम स्वीकार गरिने अवधि सम्झनु पर्छ ।

(ढ) **"बीमाङ्क रकम"** भन्नाले बीमालेख बमोजिम घोडाको बीमा गर्दा रक्षावरण गर्न तोकिएको रकम सम्झनु पर्छ ।

(ण) **"बीमाशुल्क"** भन्नाले बीमालेखमा उल्लेख गरिएको घोडाको बीमा गरे बापत् प्रतिफलको रुपमा बीमितबाट एकमुष्ठ वा किस्ताबन्दी रुपमा बीमकले लिने रकम सम्झनु पर्छ ।

(त) **"बीमित"** भन्नाले बीमा गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(थ) **"रक्षावरण"** भन्नाले बीमालेखमा उल्लेख भएको घोडामा हुने क्षतिको क्षतिपूर्ति प्रदान गर्नको लागि बीमकले मञ्जुर गरेको अवस्थालाई सम्झनु पर्छ ।

(द) **"सङ्क्रामक रोग"** भन्नाले पशु स्वस्थ्य तथा पशुसेवा ऐन, २०५५ मा उल्लेख भए बमोजिमको रोग सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य रोगलाई समेत जनाउँदछ ।

(ध) **"सङ्केतपट्टा"** भन्नाले बीमा गरिएको घोडालाई पहिचान गर्ने उद्देश्यले बीमकले खटाएको प्राविधिकले लगाई दिने ट्याग, चिप्स, माइक्रो चिप्स, सील, क्यूआर कोड, बारकोड, आर.एफ आई.डि कोड जस्ता पहिचान खुल्ने सङ्केत वा प्रतिक चिन्ह सम्झनु पर्छ ।

(न) **"स्थायी अशक्तता"** भन्नाले कुनै रोग, पक्षघात, चोटपटक वा घाउको कारणले गर्दा कम्तीमा १ वटा खुट्टा काम नलाग्ने भई केहि कार्य गर्न नसक्ने अवस्था सम्झनु पर्छ ।

(ऩ) **"क्षति"** भन्नाले कुनै घटना घटी वा विपत्ति परी वा जंगली जनावरको आक्रमणबाट वा रोग लागि बीमा गरिएको वस्तुको हानी भई, बिग्रिई, नष्ट वा नास भई हुने आर्थिक क्षति सम्झनु पर्छ ।

(प) **"क्षतिपूर्ति"** भन्नाले बीमालेखमा उल्लेख भए अनुरूप बीमकले बीमितलाई क्षतिपूर्ति वापत भुक्तानी गर्ने दावी रकम सम्झनु पर्छ ।

(फ) **"क्षति मूल्याङ्कनकर्ता"** भन्नाले यस बीमालेखमा हुने क्षतिको मूल्याङ्कन गर्नका लागि तोकिए बमोजिम योग्यता पुगेका प्राविधिक व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(ब) **"क्षति मूल्याङ्कन प्रतिवेदन"** भन्नाले बीमक वा क्षति मूल्याङ्कनकर्ताले घोडामा भएको क्षति यकिन गरी दिएको प्रतिवेदन सम्झनु पर्छ ।

परिच्छेद-२

## रक्षावरण

**३.** रक्षावरणः बीमा गरिएको घोडामा बीमा अवधिभित्र देहायको कारणबाट क्षति भएमा बीमकले क्षतिपूर्ति प्रदान गर्नुपर्नेछः-

क) आगलागी वा अग्निको कारणले भएको क्षति

ख) हावाजन्य क्षतिः

(अ) हुरीबतासको कारणले भएको क्षति

(आ) आँधिबेहरी वा तुफानको कारणले भएको क्षति

ग) जल उत्पन्न तथा मौसमजन्य क्षतिः

(अ) अतिवृष्टि वा बेमौसमी वर्षाको कारणले भएको क्षति

(आ) असिना वा हिउँको कारणले भएको क्षति

(इ) बाढी वा डुवानको कारणले भएको क्षति

(ई) खडेरीको कारणले भएको क्षति

(उ) तुसारोको कारणले भएको क्षति

(ऊ) शितलहरको कारणले भएको क्षति

घ) भूमिजन्य क्षतिः

(अ) भूकम्पको कारणले भएको क्षति

(आ) पहिरो वा भू-स्खलनको कारणले भएको क्षति

ङ) चट्याङ्गको कारणले भएको क्षति

च) रोग तथा किराको कारणले भएको क्षति

छ) आकस्मिक वा दुर्घटनाजन्य बाह्य कारणबाट हुने क्षति

ज) जंगली जनावरको आक्रमण बाट भएको क्षति।

**४.** दुर्घटना बीमा : (१) बीमितले न्यूनतम दुई लाख रूपैयाँ बराबरको दुर्घटना बीमा गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम बीमा गर्दा दुई सय रूपैंया बीमा शुल्क लाग्नेछ र त्यस्तो बीमा शुल्कमा अनुदान उपलब्ध हुने छैन।

(३) एक वर्षभन्दा कम अवधिको लागि जारी हुने बीमालेखमा समेत उपदफा (२) बमोजिमको बीमाशुल्क लाग्नेछ।

(४) एक वर्ष वा सो भन्दा कम अवधिको लागि जारी हुने बीमालेखमा दुर्घटना बीमाको अवधि एक वर्षको हुनेछ।

(५) बीमितले एकभन्दा बढी कृषि, पशुपन्छी तथा जडिबुटी बीमालेख लिंदा बीमितको दुर्घटना बीमाको अवधि बाँकी रहेको अवस्थामा पुन: अर्को दुर्घटना बीमालेख लिन अनिवार्य हुने छैन। तर दुर्घटना बीमाको अवधि समाप्त हुन अगावै बीमिलाईलाई जानकारी गराउने जिम्मेवारी बीमकको हुनेछ।

(६) दफा १० बमोजिम बीमालेख रद्द भएको अवस्थामा समेत उपदफा ४ बमोजिमको अवधिसम्मको दुर्घटना बीमा जारी रहनेछ।

(७) सामूहिक रुपमा गरिएको बीमाको हकमा बीमालेखमा आवद्ध प्रत्येक व्यक्तिको छुट्टाछुट्टै दुर्घटना बीमा गर्नु पर्नेछ र सोको विस्तृत विवरण **अनुसूची-१** बमोजिम राख्नु पर्नेछ।

५. बीमाङ्क रकम भुक्तानी गर्नु पर्नेः बीमा अवधि भित्र देहायको अवस्था सिर्जना भएमा दुर्घटना बीमा बापत बीमकले बीमितलाई बीमाङ्क रकम भुक्तानी गर्नु पर्नेछः-

(क) आत्महत्या बाहेक अन्य कुनै पनि दुर्घटनाको कारणले मृत्यु भएमा ,

(ख) स्पाइनल इन्जुरीको कारण पुनः ठीक नहुने गरी रिढको हड्डी काम नलाग्ने भएमा,

(ग) एक वा दुबै हातको नाडी देखि माथि पूरै हात काम नलाग्ने भएमा,

(घ) एक वा दुबै खुट्टाको गोली गाँठो देखि माथि पूरै खुट्टा काम नलाग्ने भएमा,

(ङ) दुवै आँखाको दृष्टि गुमेमा।

६. अपवादः १) यस बीमालेखमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमकले देहायका कारणबाट हुने क्षतिको क्षतिपूर्ति प्रदान गर्ने छैनः

(क) घोडापालनबाट भएको क्षतिको कारणबाट अन्य अप्रत्यक्ष क्षति भएमा,

(ख) अधिकार प्राप्त निकायको आदेशमा घोडा नष्ट गरी क्षतिपूर्ति पाउने अवस्था भएमा,

(ग) विकिरणयुक्त पदार्थ वा विकिरणयुक्त फोहोरको संसर्ग (कन्टामिनेशन) बाट क्षति भएमा,

(घ) आणविक, रासायनिक तथा जैविक आम विनाशकारी हतियारको प्रयोगबाट क्षति भएमा,

(ङ) सैनिक विद्रोह, शक्ति अपहरण, घेराबन्दी वा युद्ध, आक्रमण, विदेशी सैन्य कारवाही, वा कुनै युद्ध सरहको कारवाही वा गृहयुद्ध वा राजद्रोह वा सो सरहको अवस्थाको कारणले क्षति भएमा,

(च) नेपाल सरकारद्वारा घोडामा लाग्ने संक्रामक रोगलाई महामारीको रुपमा घोषणा गरेको हकमा, तर घोषणा भएको मिति अगावै दावी जानकारी प्राप्त भएको हकमा यो व्यवस्था लागु हुने छैन।

(२) उपदफा (१) को अतिरिक्त देहायको कारणले भएको अन्य क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैनः-

*(क)* बीमितले वा निजको एकाघरका परिवारका सदस्य वा कर्मचारी वा कामदारले जानाजान वा परीक्षण वा लापरवाहीको कारणले घोडामा क्षति पुर्याएमा।

*(ख)* बीमितले वा निजको एकाघरका परिवारका सदस्य वा कर्मचारी वा कामदारले रिसइबीपूर्ण व्यवहारको कारणबाट घोडामा क्षति भएमा।

*(ग)* घोडा हराएमा वा चोरी भएमा।

*(घ)* घोडाको शरीरमा लगाई राखिएको सङ्केत पट्टा बीमा दावीको अवस्थामा शरीरमा नभेटिएमा।

*(ङ)* सत्यतथ्य कुरा लुकाई, छिपाई झुट्ठा विवरण दिएको पाइएमा।

*(च)* महामारी भएको भनि अधिकार प्राप्त निकायबाट घोषणा भएको क्षेत्रमा बीमा गरिएको घोडाको उक्त महामारीबाट क्षति भएमा।

*(छ)* बीमितले बीमकको स्वीकृत नलिई घोडा बिक्री गरी स्वामित्व हस्तान्तरण गरेमा।

*(ञ)* बीमा गरिएको घोडा जुन प्रयोजनका लागि ल्याईएको हो सो भन्दा अन्य प्रयोजनमा प्रयोग गरेमा।

*(झ)*बीमा गरिएको घोडाको प्रथम पटक बीमालेख जारी भएको मितिले पन्ध्र दिन भित्र रोगको कारणबाट मरेमा । तर सोही घोडाको बीमा सोही बीमकमा पुन बीमा नवीकरण गरिएको हकमा यो व्यवस्था लागू हुने छैन।

परिच्छेद-३

## बीमालेख तथा बीमा सम्बन्धी शर्त

७. प्रस्ताव फाराम बुझाउनु पर्ने: (१) बीमालेख खरिद गर्नु पूर्व बीमितले **अनुसूची-२** बमोजिमको प्रस्ताव फाराम पूर्ण रूपमा भरी बीमकलाई बुझाउनु पर्नेछ।

(२) बीमितले उपदफा (१) बमोजिमको प्रस्ताव फाराम बुझाउँदा **अनुसूची-३** बमोजिम सम्बन्धित प्राविधिकले बीमा गर्न प्रस्तावित घोडा प्राविधिक रूपमा बीमा योग्य छ वा छैन भनी दिएको प्राविधिक जाँच सिफारिसपत्र संलग्न गर्नु पर्नेछ।

८. बीमालेख जारी गर्ने: (१) दफा ७ बमोजिमको प्रस्ताव फाराम तथा प्राविधिक जाँच सिफारिसपत्र प्राप्त भए पछि बीमकले बीमालेख जारी गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएता पनि बीमितले बीमाशुल्क बापत भुक्तानी गरेको रकम बीमकको बैंक खातामा प्राप्त नभएसम्म बीमकले बीमालेख जारी गर्न पाउने छैन।

९. पुनःजाँच परीक्षण तथा निरीक्षण गर्नु पर्ने: दफा ८ बमोजिम बीमालेख जारी भए पश्चात प्राविधिकले बीमा अवधि भित्र बीमा गर्न सिफारिस गरेको घोडाको कम्तीमा एक पटक पुनः जाँच परीक्षण तथा निरीक्षण गरी सोको प्रतिवेदन **अनुसूची-४** बमोजिम बीमकलाई दिनु पर्नेछ र बीमकले उक्त जाँच परीक्षणको प्रतिवेदन समेत बीमालेखसंग संलग्न गरी राख्नु पर्नेछ।

१०. बीमालेख रद्द हुने अवस्थाः (१) देहायको अवस्थामा बीमकले बीमालेख रद्द गर्न सक्नेछः-

(क) दफा ९ बमोजिम पुनः जाँच परीक्षण गर्दा बीमितले शर्तहरू पूरा गरेको नपाइएमा,
(ख) बीमितले बीमालेखको शर्त उल्लंघन गरेमा,
(ग) बीमाको मूलभूत विवरण ढाँटेको वा गलत ढंगले उल्लेख गरेमा,
(घ) बीमा गरेको घोडालाई उचित हेरचाह नगरी लापरवाही गरेमा,
(ङ) बीमितले घोडा व्यवसाय त्याग गरेमा,
(च) गैरकानूनी तवरले बीमा गराएमा,
(छ) बीमितले बीमालेख रद्द गर्न अनुरोध गरेमा,
(ज) बीमायोग्य हित कायम नभएको देखिएमा,

(२) उपदफा (१) बमोजिम बीमालेख रद्द गर्दा बीमकले बीमालेख रद्द गर्नुको कारण समेत खुलाउनु पर्नेछ।

(३) बीमालेख रद्द गर्नु अघि बीमकले बीमितलाई कम्तीमा सात दिनको समय दिई सफाई पेश गर्न मौका दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम बीमालेख रद्द गरिएमा सोको जानकारी बीमकले पन्ध्र दिनभित्र प्राधिकरणमा दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम बीमालेख रद्द गर्दा अनुदान प्राप्त नहुने बीमितलाई बाँकी अवधिको समानुपातिक बीमाशुल्क फिर्ता गर्नु पर्नेछ।

(६) नेपाल सरकारबाट अनुदान प्राप्त हुने बीमितलाई उपदफा (४) बमोजिम बीमालेख रद्द भएमा कुनै रकम फिर्ता गर्नु पर्ने छैन र बीमकले सम्पूर्ण रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्नेछ।

११. एउटा मात्र बीमक मार्फत बीमा गर्नुपर्नेः (१) एउटा घोडाको बीमा एक भन्दा बढी बीमकमा गर्न पाईने छैन।

(२) बीमा गरिएको घोडाको बीमा कुनै कारणवश अन्य बीमकमा समेत भएको रहेछ र त्यस्तो घोडाको आंशिक वा पूरा अंश दावी परेमा बीमकले आफ्नो भागको क्षतिपूर्ति रकम समानुपातिक रूपमा प्रदान गर्नुपर्नेछ।

१२. प्रत्यासनः (१) बीमा गरिएको घोडाको क्षति बापत बीमितले बीमक बाहेक अन्य पक्षबाट समेत क्षतिपूर्ति पाउने रहेछ भने बीमकबाट क्षतिपूर्ति प्राप्त गर्दा अन्य पक्षबाट क्षतिपूर्ति पाउने अधिकार बीमकलाई सुम्पनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अन्य पक्षबाट क्षतिपूर्ति प्राप्त गर्नका लागि बीमकले जुनसुकै समयमा उपयुक्त र आवश्यक कारवाही गर्न सक्नेछ।

१३. स्वामित्व परिवर्तनको जानकारी दिने: (१) बीमितले आफूले गरेको घोडाको आँशिक वा पूर्ण स्वामित्व परिवर्तन वा हस्तान्तरण गरेको खण्डमा बीमकलाई तीस दिन भित्र जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएपश्चात बीमकले जानकारी प्राप्त भएको मितिले पन्ध्र दिन भित्र स्वामित्व ग्रहण गर्ने व्यक्तिको नाममा नि:शुल्क बीमालेखको नामसारी गरी दिनु पर्नेछ ।

१४. बीमालेखको पुनर्स्थापनाः घोडा बीमालेख अन्तर्गत दावी परेपश्चात बाँकी बीमाङ्क रकमको पुनर्स्थापना गर्न पाइने छैन।

१५. बीमालेखको अवधि: (१) घोडा बीमालेखको अवधि एक वर्षको हुनेछ।

(२) घोडाको एक वर्षदेखि पन्ध्र वर्ष उमेरसम्म बीमा गर्न सकिनेछ।

(३) बीमालेखको अवधि समाप्त हुने मितिको मध्यरात बाह्र बजे बीमा अवधि समाप्त हुनेछ।

(४) बीमकले बीमा अवधि समाप्त हुनु अगावै बीमा अवधि समाप्त हुन लागेको सूचना जुनसुकै माध्यमबाट बीमितलाई दिन सक्नेछ।

(५) बीमालेख जारी गर्दा घण्टा र मिनेटसमेत खुल्ने गरी समय उल्लेख गर्नुपर्नेछ।

(६) बीमालेख जारी भएको मिति र जोखिम प्रारम्भ भएको मिति फरक हुने गरी बीमालेख जारी गर्न पाइने छैन।

१६. बीमकको कर्तव्यः १) यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरू बीमकले पालना गर्नु पर्नेछ।

*(२)* बीमालेख जारी गर्नु पूर्व बीमा गरिने घोडा समेटिएको विभिन्न कोणबाट खिचिएको कम्तीमा तीनवटा फोटो र कम्तीमा तीस सेकेन्ड सम्मको भिडियो क्लिप प्रस्ताव फारामसँगै प्राप्त गरेको हुनु पर्नेछ।

*(३)* बीमितको हकहित विरूद्ध कुनै काम गरी क्षति पुऱ्याउनु हुँदैन।

*(४)* बीमकले यस बीमालेख बमोजिम घोडाको लागि बीमा गर्दा शर्त पूरा नगरी बीमा गरेको रहेछ भने बीमकले दावीको समयमा शर्त पूरा नभएको भनी दावी अस्विकार गर्न पाउने छैन।

*(५)* बीमकले बीमालेख जारी गर्दा वा बीमा दावी फछ्र्यौट गर्दा आवश्यक पर्ने सम्पूर्ण विवरण तथा कागजात, फोटो तथा भिडियो आदि सुरक्षित रूपमा अभिलेख गरी राख्नु पर्नेछ।

*(६)* बीमकले बीमितलाई यस बीमालेखसँग सम्बन्धित सम्पूर्ण जानकारी दिनु पर्नेछ।

*(७)* यस बीमालेख बमोजिम घोडाको बीमा गर्दा दफा २३ बमोजिम बीमितले शर्त पालना गरे नगरेको यकिन गर्ने दायित्व बीमकको हुनेछ।

१७. बीमितको दायित्वः (१) यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरूको बीमितले पूर्ण रूपले पालना गर्नु पर्नेछ,

(२) बीमक वा तोकिएको संस्थाका आधिकारिक प्रतिनिधिलाई बीमितले बीमा गरिएको घोडाको अनुगमन तथा निरीक्षण गर्न दिनु पर्नेछ,

(३) दावी, छानबिन, अनुसन्धान वा क्षति मूल्याङ्कनको क्रममा प्रहरी, बीमक तथा अन्य अधिकार प्राप्त निकायलाई पूर्णरूपमा सहयोग गर्नु पर्नेछ,

(४) दावी यकिन गर्नका लागि बीमितले आवश्यक प्रमाण जुटाउन बीमकलाई सहयोग गर्नु पर्नेछ।

१८. बीमा गर्नु पर्नेः एउटै तबेला (खोर) मा पालन गरिएको सबै घोडाको बीमा गर्नु पर्नेछ।

परिच्छेद-४

## बीमाङ्क तथा बीमाशुल्क

१९. बीमाङ्क निर्धारणः (१) घोडाको बीमाङ्क निर्धारण गर्दा **अनुसूची-५** मा भएको तालिकालाई आधार मान्नु पर्नेछ।

(१) सवारी, मालसामान ढुवानीका लागि प्रयोग गरिने घोडा तथा क्रसब्रिडको बीमाङ्क निर्धारण अनुसूची-५ बमोजिम गर्नुपर्नेछ ।

(२) घोड सवारी, सैन्य घोडा, प्रजनन घोडा तथा क्रसब्रिड घोडाको बीमाङ्क निर्धारण अनुसूची-५ (क) बमोजिम गर्नुपर्नेछ ।

तर बीमाङ्क निर्धारण गर्दा घोडा ढुवानी खर्च समावेश गर्न पाइने छैन।

(३) अनुसूची- ५ (क) मा उल्लेख भए बाहेकका विदेशबाट आयात गरिने घोडाको बीमाङ्क निर्धारण गर्दा खरिद बिलको आधारमा गर्नुपर्नेछ । साथै विदेशबाट आयात गरिएका घोडाको हकमा घोडा खरिदको लागि पठाईएको रकमको प्रमाण, क्वारेन्टाईन प्रमाणपत्र, ढुवानीको निस्सा पेश गरिएको गर्नुपर्नेछ।

२०. बीमाङ्क परिवर्तनः (१) बीमालेख जारी भइसके पश्चात बीमाङ्क रकम परिवर्तन गर्न पाइने छैन।

(२) बीमा अवधिभित्र बीमा गर्नुपर्ने घोडाको संख्या थप गर्नु परेमा त्यसरी थप गरिने घोडाको लागि छुट्टै बीमालेख जारी गर्नु पर्नेछ।

२१. बीमा शुल्क र गणना : (१) बीमालेख बमोजिम जारी हुने घोडाको बीमाशुल्क बीमाङ्क रकमको ५(पाँच) प्रतिशतका दरले लाग्नेछ।

(२) यस बीमालेख बमोजिम बीमाशुल्क गणना गर्दा अनसुचूी-६ बमोजिम बीमा गरिने घोडाको वृस्तित विवरण तथा बीमाशुल्क गणना तालिकामा उल्लेख भए बमोजिम गर्नुपर्नेछ।

२२. सामूहिक बीमाः (१) घोडाको बीमा सामूहिक रूपमा गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सामूहिक बीमालेख जारी गर्दा बीमालेख धारक संस्थाले प्रत्येक बीमितको छुट्टा छुट्टै प्रस्ताव फाराम भर्नु पर्नेछ।

(३) सामूहिक बीमालेख जारी गरे पश्चात बीमालेख धारक संस्थाले प्रत्येक बीमितको छुट्टाछुट्टै घोडाको अभिलेख कायम गर्नु पर्नेछ।

२३. घोडाको विवरणः घोडाको बीमा गर्दा अनुसूची – ६ बमोजिम विस्तृत विवरण भर्नु पर्नेछ।

परिच्छेद-५

## घोडा बीमालेख सम्बन्धी प्राविधिक व्यवस्था

२४. बीमितले पालना गर्नुपर्ने: (१) घोडा पालन गर्दा बीमितले देहायका शर्त पालना गर्नु पर्नेछ।

क) घोडालाई आवश्यक हुने आहारा, पानी र आवासको व्यवस्था गर्नुपर्नेछ।

ख) बिरामी भएमा वा चोटपटक लागेको खण्डमा बीमितले समयमा उपचार गर्नुपर्नेछ।

ग) घोडाको मृत्यु भएको अवस्थामा बीमकलाई तत्काल खबर गर्नुपर्नेछ।

घ) आन्तरिक परजीवी विरूद्ध औषधी खुवाउनु पर्नेछ।

(२) बीमित घोडाको देहाय बमोजिम प्राविधिक व्यवस्था पालना गरेको हुनुपर्नेछ।

क) घोडाको बीमा गर्ने न्युनतम उमेर एक वर्ष र अधिकतम उमेर चौध वर्ष हुनुपर्नेछ।

ख) आवश्यकता अनुसार घोडाको खूर काट्नु पर्नेछ।

ग) घोडामा टिटानस को खोप लगाउनु पर्नेछ।

घ) बीमकले चाहेको समयमा बीमकको प्रतिनिधिलाई जुनसुकै समय घोडाको तबेला (खोर) परीक्षण वा निरीक्षण गर्न दिनु पर्नेछ।

ङ) बीमितले **अनुसूची-७** बमोजिम फार्ममा रहेको घोडाको अध्यावधिक विवरण राख्नुपर्ने।

च) घोडामा लगाईएको सङ्केतपट्टाको नम्बर नबुझ्ने वा पढ्न नसक्ने भएको खण्डमा मात्र अर्को संकेतपट्टा लगाउनु पर्ने।

छ) कुनै सङ्क्रामक रोगका कारण समान लक्षण देखा परेको अवस्थामा बीमितिले बीमकलाई चौबिस घण्टा भित्र सूचना दिनुपर्नेछ।

ज) उपदफा (छ) बमोजिम सूचना प्राप्त भए पछि बीमकले त्यस स्थानमा तत्काल अनुगमनका लागि सम्बन्धित प्राविधिक, जिल्ला स्थित सरकारी कार्यालयको प्रतिनिधि, अथवा पशु चिकित्सक मार्फत निरीक्षण गराउनु पर्नेछ र सोको प्रतिवेदन बीमकले सुरक्षित राख्नु पर्ने।

परिच्छेद-६

## दावी सम्बन्धी प्रक्रिया

२५. क्षतिको सूचनाः (१) यस बीमालेखले रक्षावरण गरेको घोडाको क्षति भएमा यथासम्भव छिटो बीमितले बीमकलाई टेलिफोन, एसएमएस, लिखित पत्र, ईमेल, फ्याक्स वा अन्य कुनै माध्यमबाट सोको जानकारी गराउनु पर्नेछ।
(२) उपदफा (१) बमोजिमको त्यस्तो जानकारी प्राप्त भए पश्चात क्षति मूल्याङ्कनकर्ताले निरीक्षण गर्न सक्ने हुँदा सो अवधिसम्म क्षति भएको स्थानलाई सुरक्षित गरी राख्नु पर्नेछ।

२६. दावी सम्बन्धी प्रक्रियाको लागि आवश्यक कागजातहरूः(१) बीमितले दावी भुक्तानी प्रक्रियाको लागि बीमकलाई देहाय बमोजिमको कागजातहरू पेश गर्नु पर्नेछः

**(क)** पूर्ण रूपले भरिएको दावी फाराम,

(ख) पूर्ण क्षतिको हकमा सक्कल बीमालेखको प्रति र आंशिक क्षतिको हकमा बीमालेखको छाँयाप्रति,

(ग) सर्जमिन मुचुल्का (मुचुल्कामा कम्तीमा पाँच (५) जना व्यक्तिको हस्ताक्षर र हस्ताक्षर गर्ने सबैको नाम, थर, ठेगाना र सम्पर्क नम्बर समेत खुलेको हुनु पर्ने),

(घ) स्थानीय तहको वडा कार्यालयको पशुपन्छी सम्बन्धी सेवा दिने प्राविधिक वा निकाय/शाखा वा शाखा नभएको अवस्थामा वडा कार्यालयले क्षति भएको भनी गरेको सिफारिस,

(ङ) घोडामा लगाईएको संकेतपट्टा देखिने गरी घोडा सहितको फोटो।

(च) प्रजनन अयोग्य स्थायी रुपमा अशक्त भएको हकमा मात्र दर्तावाल पशु चिकित्सकको सिफारिस।

२. राष्ट्रिय निकुञ्ज तथा आरक्ष, संरक्षित क्षेत्रको प्रभाव क्षेत्र भित्र जंगली जनावरको आक्रमणबाट बिमित घोडाको सङ्केतपट्टा वा अवशेष फेला नपरेको हकमा जिल्ला वन कार्यलय वा मातहातको कार्यालय वा निकुञ्ज तथा वन्यजन्तु आरक्षण भएको ठाउँमा निकुञ्ज वा वन्यजन्तु आरक्षणबाट क्षतिपूर्ति नलिएको प्रमाणपत्र पेश गर्नुपर्ने,

तर निकुञ्ज बाहेकका क्षेत्रमा जंगली जनावरबाट भएको क्षतिको हकमा सङ्केतपट्टा वा अवशेष फेला नपरेको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिस।

३. बीमितले सम्बन्धित निकायबाट क्षतिपूर्ति लिएको अवस्थामा प्राप्त भएको क्षतिपूर्ति रकम कट्टा गरी बाँकी दावी रकम बीमकले भुक्तानी गर्नुपर्ने।

२७. दावीः (१) बीमितले दफा २६ बमोजिमका कागजात सहित बीमा दावी गर्नु पर्नेछ।

२८. दावी फछर्यौट: (१) दफा २७ बमोजिम दावी परेपछि बीमकले आफू समक्ष परेको घोडाको बीमा दावीको भुक्तानी प्रक्रिया तत्काल प्रारम्भ गर्नु पर्नेछ।

(२) बीमा दावी सम्बन्धी जानकारी वा सूचना प्राप्त भएपछि बीमकले दावी भुक्तानी प्रक्रिया पूरा गर्न बीमितलाई सहयोग गर्नु पर्नेछ।

(३) बीमकले उपदफा (१) बमोजिम बीमाको दावी सम्बन्धी आवश्यक कागजात प्राप्त भएपछि (बीमक आफैंले क्षति मूल्याङ्कन गर्ने अवस्थामा बाहेक) बीमितले क्षतिको जानकारी दिएको बढीमा सात दिनभित्र बीमकले क्षति मूल्याङ्कनकर्तालाई खटाउनु पर्नेछ।

(४) क्षति मूल्याङ्कनकर्ताले बीमा गरिएको घोडाको क्षति स्पष्ट देखिने गरी विभिन्न कोणबाट आफैंले खिचेको कम्तीमा तीनवटा फोटो र कम्तीमा तीस सेकेण्डको भिडियो क्लिप **अनुसूची-८** मा उल्लेखित क्षति मूल्याङ्कन प्रतिवेदनसँगै संलग्न गरेको हुनुपर्नेछ।

तर, क्षति मूल्याङ्कनकर्ताले परिस्थितिजन्य अवस्थामा क्षतिको फोटो र भिडियो क्लिप आफैंले खिच्न नसकेको अवस्थामा बीमितले खिचेको सम्बन्धित क्षतिको कम्तीमा तीनवटा फोटो र कम्तीमा तीस सेकेण्डको भिडियो क्लिप समावेश गर्न सकिनेछ।

(५) क्षति मूल्याङ्कनकर्ताले आफूलाई क्षति मूल्याङ्कन गर्न खटाएको पन्ध्र दिनभित्र **अनुसूची-८** बमोजिम भौतिक वा विद्युतीय स्वरूपमा क्षति मूल्याङ्कन प्रतिवेदन तयार गरी बीमक समक्ष पेश गर्नु पर्नेछ।

(६) क्षति मूल्याङ्कनकर्ताले गलत मूल्याङ्कन गरेको वा यस निर्देशिकाको बर्खिलाप हुने गरी कुनै कार्य गरेको पाइएमा बीमकले क्षति मूल्याङ्कनकर्ताका लागि प्राधिकरणको स्वीकृतिमा पुनः अर्को क्षति मूल्याङ्कनकर्तालाई खटाउन सक्नेछ।

(७) बीमक आफैंले क्षति मूल्याङ्कन गर्नसक्ने अवस्थामा समेत उपदफा (५) बमोजिमको अवधिभित्र क्षति मूल्याङ्कन गरी **अनुसूची -८** बमोजिम क्षति मूल्याङ्कन प्रतिवेदन संलग्न गरेको हुनु पर्नेछ।

(८) क्षति मूल्याङ्कनकर्ताले क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरेको पैंतीस दिनभित्र बीमकले दायित्व यकिन गरी बीमितलाई भुक्तानी गर्नु पर्नेछ र बीमितले दावी बापत रकम नपाउने रहेछ भने बीमितलाई कारणसहित लिखित जानकारी दिनु पर्नेछ।

(९) उपदफा (८) बमोजिम बीमकले दावी भुक्तानी गर्दा घटना घटेको समयमा भएको वास्तविक क्षति वा बीमाङ्क रकम जुन कम हुन्छ सो बराबरको रकम मात्र भुक्तानी गर्नु पर्नेछ।

१०) बीमित घोडाको **अनुसूची-९** बमोजिम दावी भुक्तानी गर्नुपर्नेछ।

(१२) बीमालेख अन्तर्गत बीमाङ्क रकमको रकमको दश प्रतिशत वा दश हजार रूपैयाँमध्ये जुन कम हुन्छ सो रकम घटाएर बीमा दावी भुक्तानी गरिनेछ।

## परिच्छेद -७

## विविध

**२९.** बीमालेखमा प्रयोग भएका शब्दावलीको अर्थः बीमालेख सहित बीमा प्रस्ताव फाराम, अनुसूची, तालिका, बीमाशुल्क भक्तानी रसिदलाई एकमुष्ट घोडा बीमा करार वा बीमालेखको रूपमा बझ्नु वा पढ्नु पर्नेछ र तिनलाई अलग्गै पढ्न, बुझ्न वा टुक्रायाएर बीमालेखको अर्थ लगाउन पाईने छैन।

**३०.** पुरानो सङ्केतपट्टालाई नै आधार लिन सकिनेः एउटा बीमकसँग गरिएको बीमाको अवधि समाप्त भई सोही घोडाको बीमा अर्को बीमकसँग गर्दा पुरानो सङ्केतपट्टालाई नै आधार मानी बीमा गर्न सकिनेछ।

**३१.** उजुरी गर्न सक्ने: (१) देहायका कुनै अवस्था आईपरेमा बीमितले विस्तृत विवरण खुलाई नेपाल बीमा प्राधिकरणमा उजुरी दिन सक्नेछः

(क) बीमकले बीमितले दिएको दावीको निवेदन दर्ता नगरेमा,

(ख) बीमकले दावी वापतको रकम नदिएमा,

(ग) बीमकले भुक्तानी गर्न लागेको दावी वापतको रकम कम भएको भन्ने बीमितलाई लागेमा,

(घ) बीमित वा बीमालेख धारक बाहेक अन्य पक्षलाई दावी वापतको रकम भुक्तानी गरेमा,

(ङ) बीमा दावी सम्बन्धमा अन्य कुनै विवाद उत्पन्न भएमा।

(२) बीमा दावी सम्बन्धमा नेपाल बीमा प्राधिकरणले दिएको आदेशमा चित्त नबुझेमा ३५ (पैंतीस) दिन भित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची-१**

**(दफा ४ उपदफा ७ सँग सम्बन्धित)**

**सामूहिक बीमा विस्तृत विवरण**

**बीमालेख धारक संस्थाको नामः ... ... ...**

**बीमालेख धारकको ठेगानाः ... ... ...**

**बीमालेख नं.: ... ... ... ... ... ... ... ... ...**

| क्र.सं. | बीमितको नाम | ठेगाना | सम्पर्क न. | बीमा गरिएको घोडाको विवरण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची-२**

**(दफा ७ को उपदफा १ सँग सम्बन्धित)**

**बीमा प्रस्ताव फाराम**

(१) प्रस्तावक (व्यक्ति वा संस्था) को नामः...................................

(२) प्रस्तावकको स्थायी ठेगानाः

(३) प्रदेश..................जिल्ला............. पालिका............... वडा नं................ टोलः ................... सम्पर्क नं. ........... ईमेलः ..................

(४) फार्मको / संस्थाको नाम:

(५) फार्मको स्थापना मिति:

(६) फार्मको दर्ता नं(दर्ता भएको हकमा):

(७) प्रस्ताव फारम भरेको मिति:

(८) खरिद गरेको स्रोत:

(९) तल उल्लिखित विवरण तालिकामा भर्नुहोस्:

(१०) घोडापालन गरिएको स्थानको विवरणः

| क्र.सं. | जात | उमेर(वर्ष वा दिन) | पालिएको तरिका | सङ्केतपट्टा नम्बर | जम्मा घोडा संख्या | बीमाङ्क रकम |
|---|---|---|---|---|---|---|
| १) | | | | | | |
| २) | | | | | | |

(११) प्रदेश..................जिल्ला................पालिका ................. वडा नं................. टोलः.................. कित्ता नं. ............................. जग्गाको क्षेत्रफल............ चार किल्ला वा ऐलानी जग्गा जनाउने स्थानीय तहले दिएको सङ्केत नम्बर......................................

(१२) कुन प्रयोजनको लागि घोडापालन गरिएको हो, खुलाउनुहोस् ?

(१३) व्यक्तिगत, संस्थागत वा सामूहिक के हो, खुलाउनुहोस्? ................................................

| बीमालेख धारक संस्थाको नाम: ... ... ...<br>बीमालेख धारकको ठेगानाः ... ... ...<br>बीमालेख नं.: ... ... ... ... ... ... ... ... ... | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | बीमितको नाम | ठेगाना | सम्पर्क न. | बीमा गरिएको घोडाको विवरण | कैफियत |
| | | | | | |
| | | | | | |

(१४) घोडाहरू स्वस्थ छन् वा छैनन्?यदि छैनन् भने, रोगको विवरण दिनुहोस्: ...........................................

(१५) बीमा गरिने घोडासँगै अन्य पशु पाल्नु भएको छ ? यदि छ भने उक्त पशुको विवरण उल्लेख गर्नुहोस् । ..........................................................................................

(१६) **घोडामा कुनै खोप लगाईएको भए सोको विवरण:**

| सि.नं. | उमेर | खोपको नाम | रोगको उल्लेख | खोप लगाएको मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

(१७) यदि रोगबाहेक अन्य कारणबाट हानी–नोक्सानी भएको थियो भने निम्न विवरण भर्नुहोस्ः-

| वर्ष | क्षतिको कारण | घोडाको संख्या |
|---|---|---|
| | | |
| | | |
| | | |

(१८) यस पूर्व कुनै बीमा कम्पनीमा बीमा गर्नु भएको थियो ? यदि थियो भने निम्न विवरणहरू उल्लेख गर्नुहोस् ?

| बीमकको नाम | बीमाङ्क रकम | बीमा गरेको संख्या | दावी गरेको संख्या | प्राप्त दावी भुक्तानी रकम |
|---|---|---|---|---|
| | | | | |

(१९) कुनै बैंक वा वित्त कम्पनी वा सहकारीले उक्त घोडापालनमा लगानी गरेको छ ? छ भने, उक्त बैंक वा वित्त कम्पनी वा सहकारी वा अन्य कुनै समूहको निम्न विवरण उल्लेख गर्नुहोस्ः-

नाम/ठेगानाः ......................................................

प्रदेश.................. जिल्ला ................... पालिका .................................. वडा नं. ................ टोलः...................

सम्पर्क नं. ................................ इमेल ................................

लिएको वा लिन सम्झौता गरेको ऋणको रकमः रु........................अक्षरेपी (........................................................)

म/हामी माथि उल्लिखित प्रश्नहरुको उत्तर सत्य तथ्य भएको, बारे यथार्थ ढङ्गले वर्णन गरिएको व्यहोरा प्रत्याभूत गर्दछु । मैले/हामीले बीमासँग सम्बन्धित कुनै पनि सूचना, विवरण वा तथ्य लुकाएको, छिपाएको छैन। यो प्रस्ताव नै बीमक र म/हामी बीच हुने सम्झौताको आधार हुने कुराको स्वःघोषणा गर्दछु/गर्दछौं।

**प्रस्तावकको**

हस्ताक्षरः

नाम (संस्था वा व्यक्तिगत):

संस्था भए संस्थाको छापः

नाम (संस्थाको हकमा संस्थाको आधिकारिक प्रतिनिधि):

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची-३**

**(दफा ७ (२) सँग सम्बन्धित)**

**प्राविधिक जाँच सिफारिसपत्र**

(प्रस्ताव फारम साथ संलग्न हुनुपर्ने)

(१) प्रस्तावकको नाम (संस्था वा व्यक्तिगत) .....................................................

(२) प्रस्तावकको स्थायी ठेगानाः

(३) प्रदेश.......पालिका................टोल.....................सम्पर्क नं........................... ईमेल .......................

(४) फार्मको नाम:

(५) फार्मको दर्ता नं.(दर्ता भएको हकमा मात्र):

(६) खरिद गरिएको स्रोत:

(७) **बीमित घोडाको विवरणः**

| क्र.सं. | वर्गीकरण | जात | उमेर(वर्ष वा दिन) | तौल | पालन विधि | सङ्केत पट्टा नं | बीमा गरिने प्रस्तावित घोडाको संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |

(८) घोडापालन गरिएको स्थानको पूर्ण विवरणः

(९) प्रदेश.......पालिका................टोल.....................

(१०) घोडापालन गरिएको क्षेत्र (हिमाल/पहाड/तराई) .............................

(११) घोडाको तबेलाको अवस्था कस्तो छ ? ठिकै/ राम्रो /नराम्रो

(१२) कुन प्रयोजनको लागि पालिएको हो ? ..................................

(१३) बीमा गरिने घोडालाई संक्रामक रोग विरूद्ध विरुद्धको खोप लगाएको छ वा छैन ? यदि छ भने खोपको विवरण उल्लेख गर्नुहोस्।

| क्र.सं. | उमेर | खोपको नाम | कुन रोग विरुद्ध लगाईएको हो | खोप लगाएको मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(१४) के बीमालेखमा उल्लेखित प्राविधिक व्यवस्था अपनाईएको छ वा छैन ?

(१५) विगतमा कुनै संक्रामक रोग लागेको थियो वा थिएन? यदि थियो भने कहिले कुन रोगबाट क्षति भएको हो उल्लेख गर्नुहोस्।.........................................................................

(१६) घोडाको जोखिमलाई स्वीकार गर्न नमिल्ने अरू कुनै जानकारी छ ? यदि छ भने त्यसको विवरण उल्लेख गर्नुहोस्।

(१७)

(१८) उक्त घोडाको जोखिम स्वीकार गर्न कम्पनीलाई के सुझाव दिन चाहनुहुन्छ ?

.............................................................................................................................

यस अनुसूचीमा उल्लिखित घोडाहरूको मैले ध्यानपूर्वक प्राविधिक जाँच गरे । प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारीमा आएसम्म सही र तथ्य परक छन् भन्ने कुरा सिफारिस गर्दछु । यसमा लेखिएको व्यहोरा ठिक, साँचो छ, झुठ्ठा विवरण भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला, बुँझुला ।

| **दाँया** | **बाँया** |
|---|---|
| | |

**प्राविधिकको**

नाम (व्यक्तिगत वा संस्थागत)

सहीः

ठेगानाः

मितिः

फोन/मोबाईल नः

प्रमाणपत्र जारी गर्ने संस्थाः

प्रमाणपत्र नं.

कोड नं/ दर्ता नं.

संस्थाको हकमा कार्यालयको छापः

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**
**काठमाण्डौ, नेपाल**
**अनुसूची-४**
**(दफा ९ सँग सम्बन्धित)**
**<u>पुनःप्राविधिक जाँच सिफारिसपत्र</u>**

(प्रस्ताव फारम साथ संलग्न हुनुपर्ने)
(१) व्यक्ति वा फार्मको नाम र ठेगानाः
(२) फार्मको दर्ता नं.(दर्ता भएको हकमा मात्र):
(३) खरिद गरिएको श्रोत:
(४) घोडापालन  गरिएको क्षेत्र (हिमाल/पहाड/तराई) .............................
(५) घोडाको तबेलाको  अवस्था कस्तो छ ? .......................................................
(६) रोग सम्बन्धि विवरणः
 क) निरीक्षणको समयमा संकास्पद रोगी घोडाको संख्याः
 ख) रोगी घोडालाई छुट्टयाएर राख्ने व्यवस्था छ वा छैन?
(७)  घोडाको उचित स्याहार गरिएको छ वा छैन .................
(८)  जैविक सुरक्षा सम्बन्धि व्यवस्था कस्तो छ?(व्यवसायिक फार्मको हकमा मात्र)
 क) वाह्य जनावर भित्र पस्नबाट रोक्ने व्यवस्था भए नभएको?.....................
 ख) गेटमा खुट्टा निसंक्रमण गर्ने तरीका भए नभएको?..........................
(९)  रोग सम्बन्धि विवरणः
 क) निरीक्षणको समयमा शंकास्पद रोगी घोडाको सङ्ख्याः
 ख) गल्यान्डर्स, अफ्रिकन हर्स सिक्नेस, एन्थ्राक्स, टिटानस जस्ता रोगहरु छन् वा छैन?
 ग) रोगी घोडालाई छुट्टयाएर राख्ने व्यवस्था छ वा छैन?
(१०)  प्राविधिकको निरीक्षणको टिप्पणीः
यस अनुसूचीमा उल्लिखित घोडाहरूको मैले ध्यानपूर्वक प्राविधिक जाँच गरे । प्रस्तुत विवरण, मूल्य र उत्तरहरु मेरो जानकारीमा आएसम्म सही र तथ्य परक छन् भन्ने कुरा सिफारिस गर्दछु । यसमा लेखिएको व्यहोरा ठिक, साँचो छ, झुट्ठा विवरण भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला, बुँझुला ।

| **दाँया** | **बाँया** |
|---|---|
| | |

**प्राविधिकको**

नाम(व्यक्तिगत वा संस्थागत) सहीः

ठेगानाः

मितिः

फोन/मोबाईल नं.:

प्राविधिक कोड वा प्रमाणपत्र नं.:

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**
**काठमाण्डौ, नेपाल**
**अनुसूची-५**
**(दफा १९ सँग सम्बन्धित)**

**बीमाङ्क निर्धारण तालिका**

**(क) सवारी, मालसामान ढुवानीका लागि प्रयोग गरिने घोडा**

| क्र.श | विवरण | मूल्य(रु.) |
|---|---|---|
| १. | घोडा | ९५,०००-१,२०,००० |
| २. | खच्चर | ७०,०००-८५,००० |
| ३. | गधा | ५५,०००-६५,००० |
| ४ | टट्टु(Pony) | ३५,०००-५०,००० |

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**
**काठमाण्डौ, नेपाल**
**अनुसूची-५(क)**
**(दफा १९ उपदफा २ सँग सम्बन्धित)**

**बीमाङ्क निर्धारण तालिका**

**घोड सवारी, सैन्य घोडा, प्रजनन घोडा तथा क्रस ब्रिड घोडा**

| क्र.श | विवरण | जात | मूल्य(रु.) |
|---|---|---|---|
| १. | घोड सवारी (Horse Riding) | मारवारी, थोरुब्रिड | ५ लाख- ७ लाख |
| | | मारवारी, थोरुब्रिड क्रसब्रिड | ४ लाख- ६ लाख |
| २. | सैन्य घोडा (Military Horse)/ riding/Coach | १. थोरुब्रिड,अन्दालुसियन,स्प्यानिस,पर्च,सफोल्क, Norikar | १५लाख-२० लाख |
| | | २. थोरुब्रिड,अन्दालुसियन,स्प्यानिस,पर्च, सफोल्क, Norikar | ७ लाख- १० लाख |
| ३. | प्रजनन घोडा (Breeding horses/ Stallion) | १. थोरुब्रिड,अन्दालुसियन स्प्यानिस,पर्च, सफोल्क, Norikar | २०लाख-३० लाख |
| | | २. थोरुब्रिड,अन्दालुसियन स्प्यानिस,पर्च, सफोल्क, Norikar क्रसब्रिड | १२लाख-१५ लाख |
| | | ३. मारवारी क्रसब्रिड | ५ लाख-७ लाख |
| ४. | प्रजनन घोडा (Breeding horses/ Brood mares) | १. थोरुब्रिड,अन्दालुसियन स्प्यानिस,पर्च, सफोल्क, Norikar | १५लाख-२० लाख |
| | | २. थोरुब्रिड,अन्दालुसियन स्प्यानिस,पर्च, सफोल्क, Norikar क्रसब्रिड | ७ लाख-१० लाख |
| | | ३. मारवारी क्रसब्रिड | ४ लाख- ६ लाख |

**नोटः** १-३ वर्ष उमेर समुहका घोडाको बीमांक कायम गर्दा माथि उल्लेखित जातको घोडाको कूल बीमांक रकमको ४० % रकम घटाएर बीमाङ्क रकम निर्धारण गर्नुपर्नेछ ।

## अनुसूची-६
## (दफा २३ सँगसम्बन्धित )
## बीमा गरिने घोडाको विस्तृत विवरण तथा बीमाशुल्क गणना तालिका
## खण्ड (क) व्यक्तिगत विवरण

| | |
|---|---|
| बीमा प्रस्तावक (व्यक्ति वा संस्था) को नामः<br>नागरिकता नं.<br>नागरिकता जारी गरिएको जिल्ला..........<br>नागरिकता जारी गरिएको मितिः<br>गैरनेपाली नागरिकको हकमा परिचय पत्र नं.<br>किसिम तथा नम्बर....................<br>गैर नेपाली नागरिकको हकमा परिचय पत्र जारी गर्ने संस्था....................<br>गैर नेपाली नागरिकको हकमा परिचय पत्र जारी भएको मिति ....................<br>व्यक्ति/ संस्था वा फर्मको दर्ता भएको ठेगानाः<br>संस्थाको हकमा प्यान नं.<br>प्रस्तावकको ठेगानाः<br>प्रदेशः..................................जिल्ला..................................<br>पालिका....................वडा नं. ............<br>टोल...................आवास..........<br>सम्पर्क नं. ..............................<br>ईमेल ............................ | बीमालेख नं.<br><br>अभिकर्ताको नामः<br><br>अभिकर्ता ईजाजतपत्र नंः.<br><br>प्राविधिकको नाम तथा सम्पर्क नं.:<br><br>प्राविधिकको कोड नंः.<br><br>बीमालेख जारी मितिः<br><br>बीमालेख जारी समयः<br><br>बीमालेख जारी स्थानः<br><br>नगदी बीजक जारी मिति तथा समय:<br><br>नगदी बीजक नंः.<br><br>बीमाङ्क रकम रुः |
| (खुलाउनु पर्ने)<br>प्रस्तावित बीमाको किसिमः<br>घोडाको कुल संख्या ....................<br>घोडाको उमेर..............................<br>घोडाको जातः.............................<br>कूल संख्याः<br>बीमा प्रारम्भ मितिः ......................<br>बीमा समाप्ति मितिः......................<br>बीमा अवधिः ................. | |

| | |
|---|---|
| घोडाको तबेला रहेको स्थानः<br>क्षेत्रफल ....................................<br>प्रदेशः<br>.............................जिल्ला....................<br>पालिका................<br>वडा नं......................... टोल...................<br>आवास............. सम्पर्क नं. ................<br>ईमेल ............................<br>कित्ता नं.......... चार किल्ला ......<br>ऐलानी जगाको हकमा स्थानीय तहले प्रदान गरेको सङ्केत नं. .................. | **बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको हकमा**<br>बैंक तथा वित्तीय संस्थाको नाम तथा ठेगानाः<br>ऋणको रकम:<br>ऋणको अवधि: |
| **इच्छाईएको व्यक्तिको**<br>नाम, थरः<br>बीमित र इच्छाईएको व्यक्तिको बीचको नाताः<br>इच्छाईएको व्यक्तिको बाबुको नामः | |
| इच्छाईएको व्यक्तिको आमाको नामः<br>सम्पर्क नं.<br>आवासः.................<br>ईमेल................................... | |

## खण्ड (ख) बीमा गरिने घोडाको विवरण

| **घोडाको बीमा गणना तालिका** | | | | | |
|---|---|---|---|---|---|
| **विवरण** | **संख्या** | **बीमाङ्क रकम** | **बीमाशुल्क** | **जम्मा बीमाशुल्क** | |
| बीमाशुल्क | | | बीमाङ्क रकमको ५.० % | रु. “क” | |
| | | | | जम्मा बीमाशुल्क (क) = | रु.“ख ” |
| प्रत्यक्ष छुट (प्रतिशत) | (..................%) रु “ग” | | | | |
| | | | | | |
| छुट पछिको बीमाशुल्क | प्रत्यक्ष छुट भएमा (“ख ”- “ग”) = रु “ घ”<br>छुट नभएको हकमा (ग – ०) | | | | |
| नेपाल सरकारबाट प्रदान गरिने | अनुदान बापत (घ ×… % ) = रु. “ङ” | | | | |

| | | | |
|---|---|---|---|
| अनुदान रकम | बीमितले तिर्ने (घ- ङ ) = रु. “ च ” | | |
| बीमितले दुर्घटना बीमा बापत तिर्नुपर्ने बीमाशुल्क | बीमीतको सङ्ख्या “अ” | बीमाशुल्क (रु २००) “आ” | अ × आ ..... |
| | | | रू. “छ” |
| **बीमितले तिर्नुपर्ने जम्मा बीमाशुल्क** | च+ छ = रु................. | | |

**बीमालेख स्वीकृत गर्नेको**

हस्ताक्षरः

नामः

पदः

मितिः

कम्पनीको छापः

**घोडाको विवरण तालिका नोटः** कुल घोडाको संख्या, कुल बीमाङ्क रकम र कुल बीमाशुल्क संलग्न बीमित घोडाको विवरण तालिकामा उल्लेख भए बमोजिम कायम गरिएको हो ।

| क्र.श. | जात | उमेर(वर्ष वा दिनमा) | रंग | सङ्ख्या | सङ्केतपट्टा न. | बीमाङ्क रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |

घोडा धनिको नामः

हस्ताक्षरः

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची-७**

**(दफा २४ उपदफा २ (ङ) सँग सम्बन्धित)**

**घोडाको अध्याबधिक अभिलेख तालिका**

**फार्ममा रहेका घोडाको विवरण**

| क्र.श | संकेतपट्टा न | जात | कूल संख्या |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

**............... इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची-८**

(दफा २८ को उपदफा (४, ५ र ७) सँग सम्बन्धित)

बीमा क्षति मूल्याङ्कन कर्ताको प्रतिवेदन

(१) क्षति मूल्याङ्कनका लागि नियुक्त दिने बीमकको नामः...........................................................

क्षति मूल्याङ्कनको लागि प्राप्त पत्रको मिति .............

क्षति मूल्याङ्कनकर्ता (व्यक्ति वा संस्था) को नामः............................................

प्यान नं. .............................................

(२) क्षति मूल्याङ्कन गर्ने लागिएको स्थानको पूरा ठेगानाः

प्रदेशः...................जिल्ला...............पालिका ................... वडा नं............. टोलः....................

फोन नः................ मोबाइल नं. ................. ................ इमेल ठेगाना ....................................

क्षति मूल्याङ्कन गर्न खटाईएको मितिः...............................

क्षति मूल्याङ्कन लागि लागेको अवधिः..............................

क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरिएको मितिः .....................

(३) दावी कर्ताको विवरणः

बीमा दावी कर्ताको नामः ..........................................

ठेगानाः .............................................

बीमालेख नं............................................... .

क्षति भएको बीमाको किसिमः आंशिक ............. पूर्णः

(४) क्षति सम्बन्धी विवरणः

क्षति भएको मितिः ...........................................

क्षति भएको समयः ...........................................

क्षति मूल्याङ्कन गरिएको स्थानको विवरणः

प्रदेश ..............जिल्ला ..................पालिका ............................ वडा नं.......................

टोल..................... फोन नं..........

मोबाइल नं.......... इमेल ठेगानाः ...........

(५) घोडा क्षति हुनुको कारणः

....................................... .

(६) क्षति मूल्याङ्कनको विवरणः

................................................................

(७) घोडाको संख्या क्षति भएको आधारमा मूल्याङ्कन

जातः.............................

जम्मा संख्याः .............................

कूल क्षति भएको संख्याः ...............................
जम्मा क्षति प्रतिशतः ...........................................
प्रति घोडाको मूल्य रू.............................................. .
कुल क्षति मूल्य रू.............................................. .
अधिक कट्टा गरी बाँकी मूल्यः......
फोटो संख्या .............................
भिडियो क्लिप समयः ...............................

(८) क्षतिको मात्रा निर्धारण

कुल क्षति प्रतिशतः
कुल क्षति रकमः

माथि उल्लिखित घोडामा भएको क्षतिको सम्बन्धमा ध्यानपूर्वक मूल्याङ्कन गरी क्षति मूल्याङ्कन गर्दा लिएको तोकिएको संख्यामा फोटो तथा भिडियो क्लिप संलग्न गरी क्षतिको मूल्याङ्कनको क्रममा तथ्यगत जानकारी प्राप्त भएका विवरणहरू सबै ठीक र साँचो छन् । सोही अनुरूप बीमालेखको शर्त र सुविधा अनुसार निष्पक्ष तथा पक्षपात रहित रहेको स्व-घोषणा गर्दछु । यसमा लेखिएको व्यहोरा साँचो छ, झुठ्ठा विवरण भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला, बुझुँला ।

**क्षति मूल्याङ्कनकर्ताकोः**

नामः ......................................................................
सम्पर्क नं.............................................
कोड नं.
दर्ता नं.
तालिम इजाजतपत्र नं. ........................................
हस्ताक्षरः
संस्थाको हकमाः
प्यान नं.: .....................
मितिः.......................

**अनुसूची-९**

**(दफा २८ को उपदफा १० सँग सम्बन्धित)**

**दावी भूक्तानी तालिका**

| क्र.श. | क्षतिको कारण | दावी भूक्तानी(%बीमाङ्क रकम) |
|---|---|---|
| १. | दफा ३ मा उल्लेखित कारणबाट क्षति भएमा | १०० |
| २. | स्थायी रुपमा अशक्त भएमा | १०० |
| ३. | प्रजनन अयोग्य | ४० |